**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६६/११/२८ गते शुक्रवार देखि २०६६/१२/५ गते बिहीबार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ८६ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४२४६ कारोबारबाट १३ करोड ९ लाख १७ हजार रुपैयाँ बराबरका २ लाख ७७ हजार १ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ११.१५ प्रतिशतले ह्रास आएको हो । गत साता ४४२६ कारोबारबाट १४ करोड ७३ लाख ४८ हजार रुपैयाँ बराबरका ३ लाख ६६ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए । कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ७ करोड ९८ लाख रुपैयाँ बराबरको कारोबार भएको छ ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ५.३९ अंकले ह्रास भई अन्तिम दिन ४७५.८० विन्दुमा पुगेको छ । यो कूल कारोबारको ६७.५८ प्रतिशत हो ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४५२.७५ | ४३७.४७ | ३६५.९२ | ५३८.१३ | ७५५.४० | २५१.६१ | ५७५.५१ | ४७७.८७ | ५१२.०७ | ४८१.१९ | ११७.४४ | ४५.२३ |
| दोस्रो | ४५१.२९ | ४३७.४७ | ३६५.९२ | ५४०.४८ | ७५५.०५ | २५१.६१ | ५७६.८९ | ४७७.४५ | ५०८.६३ | ४८०.४९ | ११७.३० | ४५.०९ |
| तेस्रो | ४४९.११ | ४३७.४७ | ३६५.९२ | ३५३४.६० | ७५६.६० | २५१.६१ | ५७२.३२ | ४७४.७४ | ५०३.५१ | ४७७.६२ | ११६.३८ | ४४.९१ |
| चौथो | ४४६.७० | ४३७.४७ | ३६५.९२ | ५३४.६० | ७५९.०५ | २५१.६१ | ५७२.१५ | ४७२.१७ | ४९९.५९ | ४७५.८० | ११५.८४ | ४४.७७ |
| परिवर्तन | -६.०५ | ०.०० | ०.०० | -३.५३ | ३.६५ | ०.०० | -३.३६ | -५.७० | -१२.४८ | -५.३९ | -१.६० | -०.४६ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १.६० अंकले ह्रास भई ११५.८४ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड ५६ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (४२ हजार कित्ता) को आधारमा पिपल्स फाइनान्स र कारोवार संख्या (८७० वटा) को आधारमा मर्चेन्ट फाइनान्स अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २५.६९ |
| २ | बैंक अफ काठमाण्डू | ११.८९ |
| ३ | नबिल बैंक | १०.११ |
| ४ | पिपल्स फाइनान्स | ८.७३ |
| ५ | मर्चेन्ट फाइनान्स | ७.४१ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | विकास ऋणपत्र २०६९ | ऋणपत्र | १,५०,००,००० थान |